# अमरगढी नगरपालिकाको आ.व. २०७९/८० को निति तथा कार्यक्रम

नगर सभामा नगर प्रमुख डिल्ली राज जोशीले प्रस्तुत गर्नु भएको अमरगढी सरकारको आ.व २०७९/८० को निति तथा कार्यक्रम

नगर सभा सदस्यहरु , एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी र उपस्थित सम्पूर्ण महानुभावहरु :

सर्वप्रथम म नेपालमा बिभिन्न समयमा नेपाल र नेपालीको स्वाभिमानका निमित्त भएका जनसंघर्ष एवम् लोकतान्त्रिक आन्दोलनहरुमा शाहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात वीर शहिदहरु सहित यसै भुमिमा जन्मनु भएका धर्ति पुत्र वीर सपुत तथा किसान नेता सहिद भिम दत्त पन्त प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । संघर्षको दौरानमा घेपल्ला हुनु भएका बिर योद्धा र उहाँहरुको पिडित परिवार प्रति हार्दिक सम्मान ब्यक्त गर्न चाहन्छु । साथै नेपालि समाज लाई अग्रगामि परिबर्तनको मार्गमा डोर्याउन बिबिध क्षेत्र बाट योगदान पुर्याउनु हुने आदरणीय अग्रज योद्धाहरु प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । साथै मिति २०७९ बैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तह निर्वाचनमा म लगायत को टिमलाई आफ्नो अमूल्य मतदान गरि जिताउनु हुने सबै मतदाता र नगरबासीलाई धन्यवाद दिन चाहान्छु ।

संघिय लोकतन्त्रको स्थापना संगै सम्पन्न भएको स्थानिय तहको दोस्रो निर्वाचन पश्चात अमरगढी नगरपालिकाको प्रथम ऐतिहासिक नगरसभाको उदघाटन समारोहमा आर्थिक वर्ष २०७९/८० को बार्षिक निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाइ गौरवान्वित ठानेको छु ।

नेपालको संविधानले नेपालमा स्थानीय, प्रदेश र संघ गरी तीन तहको सरकारको परिकल्पना गरे अनुसार स्थानिय तहलाई स्थानिय सरकारको रुपमा संविधानले परिकल्पना गरे संगै अब प्रत्येक स्थानिय तहमा केन्द्रमा जस्तै कार्यपालिका , व्यवस्थापिका तथा अर्ध न्यायिक निकाय संम्बन्धी संवैधानिक ब्यवस्था रहनुका साथै स्थानीय तहको कार्यमा प्रभावकारिता र पारदर्शिता को निमित्त यी एक अर्का बीच शक्ति पृथकिकरण तथा शक्ति सन्तुलन पनि रहेको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । संविधानत: अमरगढी नगरपालिका स्थानिय सरकार को रुपमा स्थापित भैसकेको अवस्थामा यस नगरपालिकामा बसोबास गर्ने हरेक नागरिकको जनसरोकारका सवालहरुमा यस स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाहरुमा कुनै आग्रह पुर्वाग्रह नराखि म र मेरो सम्पुर्ण टिम सेवामा समर्पित रहने बिश्वास समेत दिलाउन चाहन्छु ।

उपस्थित महानुभावहरु :

यस अमरगढी नगरपालिकाको स्थापना भएको पच्चिसौ वर्ष बिति सक्दा तथा नगरपालिकाले बिभिन्न आरोह अवरोह पार गर्दै जनताको सेवामा समर्पित रहेको ब्यहोरा बिदितै छ । यस नगरपालिकाको नाम नगरको गहनाका रुपमा रहेको ऐतिहासिक अमरगढी किल्लाको नामबाट नामाकरण गरिएको थियो , साथै नेपालमा बिभिन्न समयमा भएको राजनैतिक परिवर्तन , प्रशासनिक पुनंसरचना, सीमा हेरफेर तथा संघिय संरचनामा समेत पूर्ववत अवस्थामा रहेको र भौगोलिक हिसाबले १३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिका अन्तर्गत ११ वडा रहेको ब्यहोरा समेत यहाँहरु समक्ष सर्वबिदितै छ । संविधान जारि भएसंगै मुलुक नयाँ युगमा प्रवेश भएको छ , संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ , अब समाजको समग्र परिवर्तनको लागि गरिने संघर्षको रुप बदलिएको छ , अबका संघर्ष सामाजिक सत्रुका रुपमा रहेका भोग, रोग , एवं गरिबि पछौटेपन र अशिक्षा बेरोजगारिका बिरुद्ध केन्द्रित रहने छ । सामाजिक न्याय सहितको समावेस आर्थिक बिकाशका माध्यम बाट समृद्धि हासिल गर्दै अघि बढ्ने कुरा अबको मार्गचित्र हो । यस दिशामा केन्द्रित प्रयत्नहरु बाट समाजवाद उन्मुख समग्र परिवेश तयार हुनेमा हामि बिश्वस्त छौ ।

संविधानले परिकल्पना गरेका मैलिक हकको पुर्ण उपभोगको सुनिस्चितता लाई समेट्दै संविधानले परिकल्पना गरेको दिगो शान्ती , सुशासन , बिकाश र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा क्रियाकलापहरु समावेस गर्नमा ध्यानदिन जरुरी छ ।

दशकौ सम्म राजनितिक अधिकारका लागि लडेका नेपालि जनता साम्नु अब आर्थिक समृद्धि र सामाजिक रुपान्तरणको चाहना सर्वाधिक चासोको बिषय बनेको छ , जनताका मन मस्तिस्कका चाहना लाई बुझेर सरकार ले जनता लाई

डिल्ली राज जोशी

Scanned with CamScanner

विकास समृद्धिको सुन्दर उपहार दिने योजना बनाएको छ ... विकास लक्ष्य प्राप्तीको दिशामा अगाडि बढ्न चाहन्छौ । यो निति तथा कार्यक्रम तयार पार्दा मैले उपरोक्त भावनालाई आत्मसाथ गरेको छु ।

उपस्थित महानुभाव हरु ,

अब म यस अमरगढी नगरपालिकाको आगामि आर्थिक वर्ष २०७९/८० का लागि नगरकार्यपालिका बाट सिफारिस भई नगर सभा मा पेश हुन आएको निति तथा कार्यक्रम पेश गर्न चाहन्छु । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट जारि भएको नगरपालिकाको निति बजेट तथा कार्यक्रम तयारी को ढाँचा हरुलाई अनुसरण गरि यस नगरपालिकाको वार्षिक निति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न अनुसारका समग्र निति तथा विषयहरुलाई आधार लिएको छ ।

- नेपालको संविधानमा व्यवस्था भएका निति , मार्गदर्शक सिद्धान्त , मौलिक हक, अनुसुचि ८ र ९ मा उल्लेखनिय स्थानिय तहका अधिकार र साझा अधिकारका सुचिका विषय ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- नेपाल सरकारको आ.व.२०७९/८० को निति तथा कार्यक्रम ।
- नेपाल सरकारको आ.व.२०७९/८० को बजेट वक्तव्य ।
- सुदुर पश्चिम प्रदेश सरकारको २०७९/८० निति तथा कार्यक्रम तथा बजेट वक्तव्य
- अमरगढी नगरपालिकाले विगतमा तय गरेका आवधिक तथा दिर्घकालीन नीतिहरु
- संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन तथा परिपत्रहरु

अब म अमरगढी नगरपालिकाको आगामी वर्षमा अवलम्बन गरिने क्षेत्र गत निति तथा कार्यक्रम संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**१) आर्थिक क्षेत्र :-**

**क) कृषि तथा पशुपालन**

- कृषि पेशा लाई व्यावसायिक बनाउन आधुनिकरण गरी , उन्नत जातका विउ विजन तथा अत्याधुनिक कृषि औजारको प्रयोग तर्फ कृषक हरुलाई विशेष अनुदान सहुलियत प्रदान गरी उत्पादनमा वृद्धि गर्ने निति अवलम्बन गरिनेछ ।
- कृषि पेशालाई सम्मानितं पेशाको रुपमा विकास गर्न नमूना कृषि व्यवसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि **" उत्कृष्ट कृषक सम्मान कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- कृषिको व्यवसायीकरण, यान्त्रिकरण र मूल्य श्रृङ्खला विस्तारगरी कृषिलाई गरिवी निवारण, वेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारभूत रुपमा विकसित गर्दै कृषिको उत्पादन वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- पशुपालन र तरकारि खेति मार्फत गरिवि निवारणमा सहयोग पुर्याइने छ ।
- सिमान्तकृत , विपन्न , मुक्त हलिया , महिला हरुलाई सामुहिक व्यवसाय संचालन गर्न उत्प्रेरित गर्ने र अनुदान उपलब्ध गराईने छ ।
- व्यवसायिक गाई भैसि फर्म , वंगुर फर्म, बाखा फर्म , कुखुरा फर्मको विकास र विस्तारका लागि कृषकहरुको साझेदारीमा अनुदान दिने निति अवलम्बन गरिनेछ ।
- माटो परिक्षण कार्यमा तिब्रता दिई नगदेवाली , फलफुल तथा पुष्प व्यवसाय लाई प्रोत्साहन गर्ने र Organic खेति लाई विशेष प्रथमिकतामा राख्ने निति अवलम्बन गरिने छ ।
- उन्नत जातका पशु आयातमा जोड दिदै लोप भइरहेका स्थानिय पशु प्रजातिको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिईने छ र उन्नत जातका पशु पालनमा विशेष सहुलियत प्रदान गरिने गिति अवलम्बन गरिने छ ।
- किसानको क्षमता अभिवृद्धीका लागि विशेष किसिमका कार्यक्रम आयोजना गर्ने निति अवलम्बन गरिने छ ।

डिल्ली राज जोशी
नगर प्रमुख

Scanned with CamScanner

- कृषकहरुलाई कृषि र पशुपन्छि क्षेत्रमा सेवाको लागि एक जना कृषि विज्ञ र एक जना भेटनरी डाक्टरको व्यवस्था गरिनेछ ।
- खाद्यान्य वालीको उन्नत वीउ उपयोग वढाईने छ ।
- चालु आ.व. मा खायन आलु उत्पादन कार्यक्रम संचालन गरि आलुको उत्पादनमा वृद्धि गरिनेछ ।
- मकै वाली प्रवर्द्धन कार्यक्रम संचालन गरि मकैको उत्पादनमा वृद्धि गरिनेछ ।
- किसान सुचिकरण कार्यक्रम मार्फत नगर भित्रका सम्पुर्ण कृषकहरुलाई प्रणालीमा आवद्ध गरि कृषक परिचय पत्र वितरण गरिनेछ ।
- गत आ.व.मा संचालन भएका आलु वालीका पकेट क्षेत्रहरुलाई निरन्तरता दिईनेछ र तरकारी र वाखा पालनका लागि नयाँ पकेट क्षेत्र स्थापना गरिनेछ ।
- कृषकहरुको वालीनालीलाई जंगली जनावरवाट हुने क्षति न्युन गर्नका लागि पकेट क्षेत्रको जग्गामा घेरवार कार्यक्रम संचालन गरिने छ ।
- लोपोन्मुख खाद्यान वालि प्रोत्साहन सम्वन्धि कार्यक्रम कोदो , फापर ,काकुन , मुसुरो , धान लगायत बालि संरक्षण गरिनेछ ।
- कृषि विकासमा संलग्न निकाय संस्था संग समन्वय र सहकार्य गरि कृषि बिकाशमा एकद्वार प्रणालि अपनाईने छ ।
- कृषकहरुलाई वालि तथा पशु बिमा तर्फ उन्मुख हुने निति अवलम्वन गरिने छ ।
- अर्गानिक ताजा तरकारी उत्पादनका लागि एक घर एक पोलिहाउस निर्माण गरिनेछ ।

**ख) बित्तिय क्षेत्र**

- वित्तिय संस्थामा सहज पहुचको निति अवलम्वन गरिनेछ ।
- नयाँ स्थापना हुने बित्तिय सस्थाको नगरपालिकामा दर्ता हुने र क्षेत्र विस्तार गर्न नगरपालिकाको स्वीकृत लिनु पर्ने व्यवस्था गरिनेछ ।
- बित्तिय संस्थामा एक परिवार एक खाता निति अनिवार्य रुपमा अवलम्वन गरि आम जनताको वचत अभिबृद्धिमा पहल गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई सर्वसुलभ रुपमा बितरण गर्न बित्तिय संस्थाहरु संग समन्वय गरि घुम्ती बैंक संचालन का लागि पहल गरिनेछ ।

**ग) सहकारी :**

- नगरपालिका भित्रका सहकारी र वित्तिय संस्थालाई उत्पादनमुलक क्षेत्रमा लगानीको लागि प्रोत्साहन गर्न विशेष निति अवलम्बन गरिने छ ।
- हरेक सहकारीको विकासका लागि आवश्यक नियमन तथा अनुगमन का साथै सहकारी तालिमको व्यवस्था गरिने छ ।
- सहकारीलाई गरिबि निवारण , रोजगारी सृजना र आर्थिक बृद्धिको मेरुदण्डको रुपमा विकाश
- नगरपालिका क्षेत्रभित्रका जनताहरुलाई सहकारीमा आवद्ध हुन प्रेरित गरिनेछ ।
- नगर क्षेत्रमा रहेका महिला सहकारीहरुलाई विषेश प्रोत्साहन गरिने छ ।

**घ) उद्योग तथा बाणिज्य (स्थानीय स्रोतको प्रबर्दन उद्योगको सम्वर्द्धन )**

- यस न.पा.मा औद्योगिक क्षेत्र स्थापना , सम्भाव्य उद्योग संचालनका लागि आवश्यक अध्ययन अनुसन्धान गरिनेछ ।
- स्थानिय उत्पादनका लागि बजार सुनिश्चितता गर्दै वातावरण मैत्री उद्योग स्थापनामा जोड दिने निति अवलम्बन गरिनेछ ।

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

- सम्भावित ठाँउमा अध्ययन गरी "**उद्योग-ग्राम स्थापना**" गरिने र निजीक्षेत्र संग साझेदारीमा साना तथा मझौला उद्योग स्थापनामा राजश्व सहुलियत गर्ने नितिलाई प्राथमिकता दिईनेछ ।
- स्थानिय उद्योग लाई प्रयोग गर्ने खालका निति, मेशिनरी छुट, बजारको सुनिश्चीतता गरिने छ ।
- वेरोजगार युवा युवतीहरुका लागी सिपमूलक (ड्राईभिङ्ग, कम्प्युटर मर्मत, मोवाईल मर्मत, सिकर्मी,डकर्मि) तालिमको आयोजना गरिनेछ ।
- सार्वजनीक नीजि साझेदारीमा (ppp) जोड दिइने छ ।
- कृषि तथा वन्यजन्तु उद्योग स्थापनामा प्रोत्साहन गरिने छ ।

ङ) पर्यटन/संस्कृती : "पर्यटनमा लगानि, समृद्धिको बिहानी"

- अमरगढी लाई **"पर्यटकिय सिटि"** घोषणा गर्न पहल गरिनेछ ।
- स्थानीय धार्मीक स्थलको संरक्षण र सम्वर्द्धन गरिने छ ।
- परम्पपरागत लोकभाका, डोटेली संस्कृतिको जगेर्ना गर्न **"डोटेली संग्राहालय"** स्थापना गर्न आवश्यक पहल गरिने छ ।
- ऐतिहासिक अमरगढी किल्लाको मौलिक संरक्षणमा जोड दिइने छ र यस किल्लालाई ऐतिहासिक पर्यटकिय स्थलका रुपमा विकास गर्ने गुरु योजना निर्माण गरिनु का साथैं किल्ला भित्र **संग्रहालय स्थापना** गरिनेछ ।
- ऐतिहासिक धार्मिक एवम् पर्यटकिय स्थलहरु, उग्रतारा मन्दिर, घटालस्थान, रावलतोली गुफा, सहश्रलिङ्ग धुरा , कश्यालेक, महाभारत धुरा, शैलेश्वर मन्दिर, सहश्रलिङ्ग असिग्राम, भुमिराज, समैजी, वैजनाथ, कैलपाल, जस्ता शक्ति पिठको संरक्षण र प्रचार र प्रसारमा जोड दिइने छ ।
- खेलकुद पर्यटनमा जोड दिइने छ ।
- पुराना पाटि पैवा , मगराउ , नौला , धर्मशाला संरक्षण गरि मौलिक संस्कृति संरक्षण गरिनेछ ।
- घटाल क्षेत्रको विकासका लागि गुरु योजना निर्माण गरि बृहत्तर बिकास गरिनेछ ।
- नगर क्षेत्रभित्र रहेको सरकारी पर्ति जग्गामा वाल उद्यान तथा मनोरंजन स्थल निर्माणको कार्य अगाडी बढाईनेछ ।
- नगर क्षेत्रभित्रका झरना ताल तलैयाहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास र प्रचार प्रसार गर्दै लगिनेछ ।
- भिमदत्त आदर्शवस्तिलाई निरन्तरता दिईनेछ ।

२) **सामाजिक बिकाश** :

क) **शिक्षा** :- "दक्ष जनशक्ति निमार्णको आधार गुणस्तरीय शिक्षामा आधुनिक प्रबिधि र शैक्षिक पुर्वाधार"

- उच्च शिक्षा तथा प्रविधिक शिक्षामा शैक्षिक लोन को व्यवस्था गर्ने निति अबलम्बन गरीनेछ ।
- नेपालको संविधानले शिक्षा लाई मौलिक हकको रुपमा स्थापित गरिसकेको परिप्रेक्ष्यमा सबै नगर बासिलाई गुणस्तरिय शिक्षामा पहुच पुरयाउन विशेष योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारमा जोड दिईनेछ , र विद्यालय , विद्यार्थी , शिक्षक संख्याको साथै भौतिक सरचनामा अनुपातिक सुधार तथा व्यवस्थापनका लागि बिशेष निति अवलम्वन गरिनेछ ।
- वहु प्रविधिक एवं गुरुकुल शिक्षाको स्थापना र प्रवर्द्धन गरिनेछ र उग्रतारा वेदविधाश्रम लाई भौतिक पुर्वाधार र जनशक्ती व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाको वडामा गठन भएका टोल विकास संस्थालाई सुदृढ गर्दै लगिने छ, साथै टोल विकास संस्था गठनहुन बाँकी रहेका प्रत्येक टोलमा नयाँ गठन प्रक्रिया अगाडी बढाईने छ ।
- किशोरीहरुको आत्म रक्षाका लागि किशोरी संरक्षण कार्यक्रम संचालन गरिनेछ ।



दिल्ली राज जोशी
नगर प्रमुख

Scanned with CamScanner

- वालमैत्री नगर घोषणाका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।
- लक्षित वर्गको (महिला, दलित, आदिवासि / जनजाति, अपाङ्ग, जेष्ठ नागरिक र अल्पसंख्यक) आय आर्जनमा बृद्धिगर्न सिपमूलक तथा आय आर्जनका कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगर क्षेत्रमा महिला हिंसा न्यूनिकरणका लागि वजेट विनियोजनगरि जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- महिला हिंसामा परेकाहरुका लागि उपचार र राहतका लागि महिला हिंसा निवार कोष संचालन गरिनेछ ।
- लैङ्गिक तथा महिला हिंसाबाट प्रभावितलाई उपचार, मनोसामाजिक परामर्श, खाना बस्न र न्यायको प्रक्रियामा सहयोग गर्न महिला सुरक्षा आवास र अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्रको निरन्तर संचालन र व्यवस्थापनमा जोड दिईने छ ।
- सामुदायिक विद्यालयको शिक्षाको प्रभावशिलता र गुणस्तरियता अभिवृद्धिका लागि मुल्याङ्कनका निश्चित मापदण्ड र जरिवाना लाई प्रभावकारी बनाई कुनै एक विद्यालय छनौट गरि Center of excellence का रुपमा बिकास गरिनेछ ।
- विपन्न वर्गका बालवालिका हरुलाई प्राविधिक शिक्षामा सहज पहुच बढाउन " **छात्रबृती**" कार्यक्रम लागु गरिने छ ।
- अपाङ्ग मैत्री भौतिक संरचना निर्माण मा जोड दिईनेछ ।
- नगरपालिका क्षेत्रभित्रका विद्यालय उमेरका सवै बालवालिकाको विद्यालयमा पहुँच सुनिश्चत गरी बालवालिकाहरुलाई "**विद्यालय झिकाऔं, टिकाऔं, सिकाऔं र बिकाऔं**" अभियानलाई साकार पारिने छ ।
- सामुदायिक र संस्थागत विद्यालयहरु वीचको दूरीलाई घटाउन निजी सामुदायिक साझेदारीलाई प्रवर्द्धन गरिने छ ।
- सर्वजनिक पद धारण गरेका राष्ट्र सेवक , कर्मचारी ,जनप्रतिनिधि र राजनितिज्ञ जस्ता व्यक्तिहरु लाई सरकारी विद्यालयमा छोराछोरी हरुलाई भर्ना गर्न अभिप्रेरित गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र, अभिभावकहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायत सरोकारवाला सबैको साथ सहयोग लिइने छ । यसका लागि सरोकारवालाहरुको क्षमता विकास गरिनुका साथै समुदाय परिचालन गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई बालमैत्री बनाइ विद्यालयमा बालमैत्री शिक्षण सिकाइ प्रक्रिया अवलम्वन गरिने छ ।
- नगर क्षेत्रका विद्यालयहरुमा क्षमता र सम्भावनाका आधारमा प्राविधिक शिक्षा संचालन गर्ने निति अवलम्वन गरिनेछ ।
- उच्च तथा प्राविधिक शिक्षामा सवै तह र तप्काका बालवालिकाहरुको पहुँच अभिवृद्धि गर्न शैक्षिक सहयोग उपलव्ध गराइने छ ।
- उत्कृष्ट शिक्षक ,कर्मचारी, विद्यार्थि र अभिभावक लाई सम्मान गर्ने निति अवलम्वन गरिनेछ ।
- पूर्ण छुवाछुत मुक्त वडा घोषणा कार्यक्रम लागु गरिने छ ।
- आत्महत्या न्युनिकरण गर्न बिषेश कार्यक्रमहरु संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरुमा गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि आवश्यक कार्यक्रमहरूलाई विशेष जोड दिइनेछ जसका लागि नेपाल सरकारद्वारा ल्याइएका राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यार्थी दिवाखाजा कार्यक्रम, सेनिटरी प्याड वितरण कार्यक्रम लगायतका कार्यक्रमहरूलाई लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- नगरपालिकास्तरमा आवधिक नगर शिक्षा योजना कार्यान्वयनमा ल्याइनेछ । विद्यालय सुधार योजनालाई थप यथार्थपरक बनाइ प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ । विद्यालय स्तरमा वार्षिक रुपमा वार्षिकोत्सव तथा अभिभावक दिवस कार्यक्रम गरी वार्षिक प्रगति प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

- विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै उत्कृष्ट विद्यार्थी एवम् शिक्षकहरू, न्यून पारिश्रमिकमा कार्यरत सामुदायिक विद्यालयका कर्मचारी र बालविकास शिक्षकहरूलाई प्रोत्साहन गरिनेछ । विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक नेतृत्व गरिरहेका प्रधानाध्यापकहरूको अनुभव आदानप्रदानका लागि घुम्ती प्र.अ. बैठकलाई अझ बढी व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- विद्यालय स्तरमा प्रतियोगितात्मक खेलकुद, अतिरिक्त क्रियाकलाप, सिकाइ मेला र स्काउटका गतिविधिहरू सञ्चालन हुने वातावरण मिलाइनेछ ।
- नगरक्षेत्रमा सञ्चालित संस्थागत विद्यालय तथा विभिन्न निजी क्षेत्रका शैक्षिक संस्था एवम् इन्स्टिच्युटहरूलाई मापदण्ड बनाई नियमन गर्दै लगिनेछ । निजी शैक्षिक संस्थाले शैक्षिक सत्रको प्रारम्भमा शुल्क संरचना र सुविधाको विवरण नगरपालिकाको कार्यालयबाट स्वीकृत गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।
- सामुदायिक विद्यालयहरूलाई भूगोल र विद्यार्थी सङ्ख्याका आधारमा समायोजन र शिक्षक दरबन्दी मिलानको कार्यलाई सूचकमा आधारित बनाई निरन्तर जारी राखिनेछ । साथै विषयगत शिक्षकको आवश्यकता पूर्तीका लागि नगर स्तरबाट समेत आवश्यक व्यवस्था मिलाइनेछ ।
- "पाठ्यक्रमको स्थानीयकरण: शिक्षामा रुपान्तरण" अभियानअन्तर्गत आधारभू तहका कक्षाहरूमा कार्यान्वयन प्रारम्भ भएको **"हाम्रो अमरगढी"** नामक स्थानीय पाठ्यक्रमलाई कक्षा ८ सम्म विस्तार गर्ने र उक्त पाठ्यक्रममा आवश्यकतानुसार परिमार्जन गरी सो अनुरुपका स्रोत सामग्री र पाठ्य सामग्रीहरू उत्पादन एवम् वितरण गरिनेछ ।
- विद्यालयमा प्रविधि र पूर्वाधारलाई समयानुकुल आधुनिक र सुविधायुक्त बनाउँदै लगिनेछ ।
- विपन्न वर्गका बालबालिकाहरुलाई गुणस्तरयुक्त र प्राविधिक शिक्षामा पहुँच बढाउन अमरगढी शैक्षिक छात्रवृत्ति कार्यक्रम लागू गरिनेछ । यसका लागि अमरगढी शैक्षिक छात्रवृत्ति कोष स्थापना गरी परिचालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अभिभावक सहभागिता बृद्धि गर्न अभिभावक सम्मान एवम् सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । सार्वजनिक पद धारण गरेका राष्ट्रसेवक कर्मचारी, शिक्षक, जनप्रतिनिधि र राजनीतिज्ञहरुलाई सामुदायिक विद्यालयमा छोराछोरीहरु भर्ना गर्न अभिप्रेरित गरिने छ ।
- शैक्षि गुणस्तर बृद्धिका लागि शिक्षक सरुवा कार्य अगाडी बढाईनेछ

**ख) स्वास्थ्य**

- उच्च रक्तचाप, मधुमेह, क्यान्सर, दम कलेजो र महिलाको पाठेघर सम्बन्धि रोगको समस्या भएकालाई घरमै निशुल्क औषधी वितरण गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम योजनालाई एकद्वार प्रणालिबाट प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रम लाई विशेष महत्वका साथ अगाडि बढाईने छ ।
- नगर पालिकाका सबै वडाहरुलाई पोषण मैत्रि वडा घोषणा गरिने छ ।
- **"जेष्ठ नागरिक उपचार"** अर्न्तगत ६८ वर्ष पुगेका जेष्ठ नागरिक लाई सम्मान स्वरुप निशुल्क घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- नगर स्वास्थ्य केन्द्रको स्तर बृद्धि गरि थप स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- मानसिक स्वास्थ्य सेवा सचालन गरिनेछ ।
- खाद्य सुरक्षामा जोड दिईनेछ ।
- COVID–19 बाट प्रभावित नगरवासीलाइ सुरक्षित बनाउनका लागि प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरिने छ ।
- निरोगी नेपाल निर्माण सरकारको मूल स्वास्थ्य नीति भएको हुँदा प्रकृतिमैत्री स्वच्छ जीवनप्रणाली प्रवर्द्धन गरि नेपालीको रोग प्रतिरोधात्मक क्षमतावृद्धि गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुका साथै आवश्यक रणनीति अवलम्वन गरिने छ । बहुक्षेत्रीय

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

सहकार्य, समन्वय र साझेदारी मार्फत गुणस्तरिय स्वास्थ्य संस्थामा सबै वर्ग, क्षेत्रको न्यायीक पहुँच कायम गर्दै आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क, व्यवस्थित, मर्यादित र गुणस्तरिय बनाईनेछ ।

- नगरपालिकाका सबै वडाहरुमा सहज रुपमा स्वास्थ्यकर्मी र निर्देशन बमोजिमका निशुल्कऔषधीहरु उपलब्ध गराउने प्रकृयालाई व्यवस्थित गरिने छ । नियमन र अनुगमनलाई प्रभावकारी बनाई कानून विपरित सञ्चालन भएका पसलहरुलाई कारवाहीको दायरामा ल्याइने छ ।
- विद्यालयका विद्यार्थिहरुको फिल्ड अभ्यास सहितको Student Assignment Approach लाई स्वास्थ्य जनचेतना अभियानसंग जोडि प्रभावकारी रुपमा लागु गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मोवाईल सेवा मार्फत सेवा दिन लगाईनेछ । स्वयंसेविका प्रोत्साहनका विज्ञको सल्लाहका आधारमा थप सुविधा उपलब्ध गराउन पहल गरीनेछ ।
- पालिकाभित्र प्राकृतिक योग र आर्युवेद चिकित्सालाई जोड दिदै सबै स्वास्थ्य संस्थाहरुमा सेवा विस्तारका लागि पहल गरिनेछ ।
- विपतका बेला आकस्मिक स्वास्थ्यकर्मी र स्वास्थ्य सेवालाई कार्यान्वयनमा ल्याईनेछ । राजमार्गमा रहेका स्वास्थ्य संस्थाहरुलाई सडक दुर्घटनाको प्राथमिक उपचार विन्दुमा पुर्याउने कार्यको योजना बनाईनेछ ।
- नियमित कार्यक्रमहरुलाई थप प्रविधि मैत्री बनाई पारदर्शी र लक्ष्य अनुसारको १०० प्रतिशत प्रगतिका लागि जोड दिईनेछ ।
- स्वास्थ्य र अन्य क्षेत्रमा आवश्यक अनुसन्धान मुलक कार्यक्रम गरिनेछ ।
- आखाँ शिवर, आङ खस्नेका लागि शिविर र अन्य घुम्ति शिविरहरु संचालन गरिनेछन् ।
- हरेक स्वास्थ्य संस्थामा इ-रिपोर्टको प्रवन्ध मिलाईने छ । स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरुको व्यवस्था संगै निश्चित मापदण्डका आधारमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- उप प्रमुख संग प्रसुति विशेष सेवा कार्यक्रम संचालन गरिने छ ।

**ग) खानेपानि तथा सरसफाई**

- खानेपानि मुहानहरुको खोजि र संरक्षण गरि साझा स्वामित्व स्थापना गरिने निति अवलम्वन गरिनेछ ।
- अमरगढीमा **"बृहत ढल ब्यवस्थापन"** परियोजना मार्फत प्रशोधनकेन्द्र स्थापना गरी उक्त पानी सिचाईका लागि प्रयोग गरिने छ ।
- नगर भित्र **"एक घर एक स्वच्छ खानेपानिका धारा"** निति अवलम्वन गरिने छ ।
- फोहरमैला व्यवस्थापनलाई अझबढी प्रभावकारी बनाउन PPP (सार्वजनिक निजि साझेदारी) नीति अवलम्वन गरिने छ ।
- सरसफाइको लागि टोल समितिलाइ प्रभावकारी बनाइ निरन्तरता दिईनेछ । खानेपानि तथा सरसफाई समितिलाइ अझ वढी उत्तरदायि वनाईनेछ ।
- फोहरमैला व्यवस्थापनमा संलग्न जनशक्तिको उत्प्रेरणा बढाउनमा जोड दिई फोहरमैला व्यवस्थापनमा उचित मापदण्ड अपनाई कर , दण्ड र जरिवाना लाई प्रभावकारी बनाईनेछ । फोहोरलाई मोहरमा परिणत गर्ने निती अवलम्वन गरिने छ ।
- सार्वजनिक सौचालयको संख्या थप गरि सर्वसुलभ एवम् व्यवस्थित गरिनेछ ।
- प्रत्येक वार्ड भित्रका खानेपानीका मुलहरुको पहिचानगरि दर्ता प्रक्रियाका लागि सम्वन्धित वार्डमा योजना कार्यान्वयन गर्ने निति अवलम्वन गरिनेछ ।

**घ) युवा तथा खेलकुद**

युवाहरुको शक्ति लाई नगरको समृद्धिमा उपयोग गरिनेछ । नगर स्तरिय प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम आयोजना गरिनेछ ।

- खेलकुदलाई जिवनको अभिन्न अङ्ग को रुपमा बिकाश गरिनेछ ।



दिल्ली राज जोशी
नगर प्रमुख

Scanned with CamScanner

- सामुदायिक विद्यालयका खेल मैदानको स्तरोउन्नती गरिनेछ।
- युवाहरुको बढ्दो खेल प्रतिको आर्कषक लाई मध्यनजर गरि विभिन्न खेलकुद गतिविधि संचालन गर्न सहयोग गरिनेछ।
- युवाहरुको भविश्य सुन्दर बनाउन उनिहरुलाई आय आर्जन र सामाजिक सेवाका कार्यमा संलग्न गराईनेछ। युवा दुर्व्यसनि बिरुद्धको सचेतना कार्यक्रम लागु औषध दुर्व्यसनि पुर्नस्थापना केन्द्र स्थापनाका लागि सहकार्य गरिनेछ।
- मादक पदार्थ , धुम्रपान , लागु औषध जस्ता दुर्व्यसनिबाट बचाउन स्कुल , कलेज , गैर सरकारी संस्था र क्लब हरु संग सहकार्य गरिनेछ।
- खुला तथा सार्वजनिक जग्गा खेलकुदका लागि उपयोग गर्ने निति लिईनेछ।
- खेलकुदमा लैङ्गीक बिभेदको अन्त्य गरिने छ ।
- स्वस्थ्य खेलकुद स्वस्थ्य जिबनको अवधारणा अगाडि ल्याईनेछ।
- नगर क्षेत्रको बिभिन्न वडामा निर्माणधिन रहेका खेल मैदान लाई प्राथमिकताका साथ कार्य अगाडी बढाईने छ।
- **खेल प्रवर्द्धनका लागि विषयगत प्रशिक्षक भर्ना प्रक्रिया अगाडि बढाईने छ**

ङ) **सामाजिक सुरक्षा**

- **महिला हिंसा न्युनिकरण र लैङ्गीक विभेदको अन्त्य गरिनेछ।**
- **महिलाहरुको आय आर्जन सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।**
- **अल्पसंख्यक पिछडिएको बर्ग क्षेत्रको उत्थान र जातिय भेदभावको अन्त्य गरिनेछ।**
- **अपाङ्ग , दलित, आदिवासि/जनजाती र असहायको सामाजिक जिबनको सुरक्षाको सुनिश्चितताका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ।**
- सामाजिक सुरक्षा कार्यक्रम एकिकृत रुपमा संचालन गरि प्रभावकारी रुपमा अनुगमन गरिनेछ।
- वालवालीकाको रुचिलाई ध्यानमा राखी वालमैत्री कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिने छ।
- **"शिप युक्त महिला आत्म निर्भर पहिला"** भन्ने नारा लाई मुर्त रुप दिन महिला हरुका लागि सिप बिकास तथा उद्यम प्रर्वदन कार्यक्रम संचालन गरिनेछ।
- जेष्ठ नागरिकहरुको विश्राम स्थलको रुपमा वि.पि उद्यान निर्माणका पहल गरिने छ।
- नगरपालिका भित्रका खानेपानीका मूल संरक्षणका लागि वन क्षेत्रलाई आरक्षण गरिने छ।

### ३) पुर्वाधार विकास (भौतिक पुर्वाधार विकासको आधार )

#### क) सडक तथा यातायात, "सामाजीक आर्थिक रुपान्तरणको आधार, बस्तीवस्तीमा यातायात पुर्वाधार"

- नगरपालिका भएर जाने सवै लोकमार्गको सिमाङ्कन गरी अनावश्यक सडक मिच्ने कार्यलाई निरुत्साहित गरिने छ।
- निजी क्षेत्रभित्रको सहकार्यमा **"नगर बस"** संचालन गरिने छ।
- नगरपालीका भित्रको यातायात व्यवस्थापनका लागि **"भित्री , मध्य र बाहिरी चक्रपथ"** को अवधारणा विकास गर्दै **ग्रामिण सडक** लाई स्तरोन्नती गरि लिङ्क सडकको रुपमा बिकास गरिनेछ।
- डकले सल्लाघारी र किर्तिपुर आईत सडकलाई **"अमरगढी गौरब आयोजना"** का रुपमा अगाडि बढाईनेछ।
- नगरपालिका भित्र नयाँ **"सुविधा सम्पन्न बसपार्क"** निर्माण गर्ने कार्यलाई द्रुतगतीमा अगाडी बढाइने छ। बागबजारमा भएको वसपार्कको उचित व्यवस्थापन गरिने छ।
- स्थानीय सडकको उचित मापदण्डको आधारमा स्तरोन्नती गरिने छ।
- अधुरा कालोपत्रे सडक योजनाहरुलाई क्रमागत रुपमा अगाडी बढाई निर्माण सम्पन्न गर्ने निति लिईनेछ।



**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

- आयोजना व्यवस्थापनलाई सुदृढ बनाइ आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ । हाल संचालनमा रहेका कार्यक्रम र आयोजनाहरुको आवश्यकता अनुसार पुन:संरचना तथा पुनः प्राथमिकीकरण गरिनेछ ।
- वजार व्यवस्थापन तथा सडक चौडाका लागि आवश्यक पहल गरिनेछ ।

**ख) सिचाई :**

- ठाँउठाउमा पोखरी निर्माण गरी भुमिगत सिचाईको अध्ययन अनुसन्धान गरिने छ ।
- नगरका संभावित क्षेत्रमा लिफ्ट सिचाईको प्रविधि मार्फत विकास र उपयोग गरिने छ ।
- सिचाईका निमित्त पोखरी मार्फत बर्खेपानी संकलनमा जोड दिइने छ ।
- सिचाई र कृषि उपज क्षेत्रको तादाम्येता मिलाइने छ ।
- साना सिचाई आयोजनामा विषेश जोड दिईने छ ।

***ग) भवन तथा शहरी विकास :***

- घर नक्सा पासलाई व्यवस्थीत गरि सडक सतहबाट माथी निर्माण हुने घरतलाको संख्या निश्चित तुल्याइने छ ।
- नगरपालिका क्षेत्र भित्रका ग्रामिण क्षेत्रमा पूर्वाधार विकास गरि शहरीकरण गरिने छ ।
- स्वच्छ र सुरक्षित भवन निर्माणमा जोड दिइनेछ ।
- सार्वजनीक जमिन मिचेर घर निर्माण गर्ने कार्यलाइ निरुत्साहित गरि सार्वजनीक जमिनको लगत लिई संरक्षणमा जोड दिइने छ ।
- अमरगढी नगरपालिकालाई Hill City को रुपमा विकास गरिने छ ।
- एक घर दुई फलफुल विरुवा रोपी हरीयाली (Green City) शहरमा जोड दिइने छ ।
- अव्यवस्थीत बसोवासलाई व्यवस्थीत गरि बढ्दो शहरीकरणलाई उचित व्यवस्थापन गरिनेछ ।
- अपाङ्ग, बृद्ध, असहाय मैत्री शहरी संरचनामा जोड दिइने छ ।
- भवन निर्माण व्यवसायीक र आवासीय गरि दुई भागमा वर्गीकरण गरिने छ ।
- सडक छेउछाउ निर्माण भएका भवनलाई उचित व्यवस्थापन गरिने छ ।
- नगरपालिकामा दिनानु दिन बढी रहेको जग्गा अतिक्रमणलाई रोकथामका लागि विभिन्न क्षेत्रसंग समन्वय र सहकार्य गरिने छ ।
- नेपाल सरकार, अन्य दातृ निकायको सहयोग र समन्वयमा निर्माण गरिने उक्त शहरी पूर्वाधार जस्तै रंगशाला, सभागृह वहुउद्देश्यिय सिटिहल, ल्याण्डफिल साइट, सपिङ्ग कम्प्लेक्स, प्राविधिक शिक्षालय, धार्मिक तथा पर्यटकिय पूर्वाधार निर्माणमा पहल गरिने छ ।

**घ) संचार तथा सूचना प्रबिधि :**

- नगरपालिका भित्रका ग्रामिणक्षेत्र सम्म गुणस्तरीय Internet सेवा विस्तारमा पहल गरिने छ ।
- सुचना प्रविधिमा सबै नागरीकको पँहुचलाई सुलभ बनाईने छ ।
- **"बिकास मैत्रि संचार संचार मैत्री सरकार"** को मान्यता अनुसार विधुतिय र छापा संचार संग सहकार्य गरिनेछ ।
- टोल फ्रि नम्वर जडान गरिनेछ ।
- विद्युतीय प्रणालीको प्रयोगमा जोड दिइने छ ।
- गुनासो सुनुवाईलाई प्रविधिसंग जोड्दै व्यवस्थीत गरिने छ ।



**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

- सेवालाइं प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण,जनता संग जनप्रतिनिधिको प्रत्यक्ष संवाद नागरिक बडा पत्र [illegible] संग जोडिने छ।
- सुचना प्रवाहमा एक द्वार प्रणाली अपनाईने छ।
- सूचना प्रविधिको प्रयोगमा क्षमता अभिबृद्धि गरि अधिकतम उपयोग गरिने छ।
- नगरपालिकाको राजश्व अनलाईनको माध्यमबाट भुक्तानी गर्ने ब्यवस्था गरिने छ।
- सूचना नै ज्ञानको श्रोत र सूचना संचार प्रविधि नै विकाशको आधारशिला भएकाले यस न.पा. लाई सूचना संचार मैत्री नगर बनाईनेछ।
- सूचना प्रविधिको बिकासका लागी विभिन्न गैरआवासीय नेपाली, स्वदेशी तथा विदेशी विभिन्न संघ संस्था र प्रदेश सरकार संग को साझेदारी कार्यक्रम गरिनेछ ।
- नगरपालिकाका सबै शाखामा अटोमेसन प्रणालीको प्रयोगमा जोड दिइनेछ ।
- गुनासो सुनुवाईलाई प्रविधि संग जोड्दै ब्यवस्थीत गरिनेछ ।
- सूचना प्रविधिको प्रयोग सम्वन्धी क्षमता अभिबृद्धि कार्यक्रम गरिनेछ ।
- **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) जस्ता राष्ट्रिय कार्यक्रमलाई कार्यान्वयन तथा प्रोत्साहन गर्दै लगिनेछ।**

**ङ) बैकल्पीक उर्जा, साना जलविद्युत सहित :**

- वैकल्पिक उर्जाको अध्ययन र विकासका साथै ग्रामिण भेकसम्म विस्तार गरिने छ।
- सार्वजनीक महत्वका स्थानमा सौर्यवत्ती जडान गर्ने तथा सडक सौर्यवत्ती विस्तार गरिने छ।
- ग्रामिण क्षेत्रमा धुवारहित चुलो प्रवर्द्धन तथा वितरण गरिने छ।

**४. वातावरण तथा विपद ब्यवस्थापन :**

**क) वन तथा भू-संरक्षण**

- बढ्दो वन विनासको नियन्त्रण र भुसंरक्षणमा जोड दिइने छ।
- वन उद्यान विकासमा जोड दिइने छ।
- वन संरक्षणमा सवैको सहभागिता जुटाइनेछ।
- र्‍यापखोला देखी स्याउले सम्मको वनक्षेत्रलाई आरक्ष बनाउन पहल गरिने छ।
- सार्वजनिक प्रति वाटो, चौतारी, परम्परागत धार्मीक पर्यटकीय, खुलाक्षेत्रको सिमाङ्कन गरी बनको संरक्षण गरिनेछ
- सामुदायीक वन उपभोक्ताहरुको क्षमता विकासमा जोड दिई अझ बढी जिम्मेवार बनाईने छ।
- **"हराभरा वन, जनताको धन"** अवधारणा विकास गरिने छ।
- खालीवन क्षेत्रमा फलफुल नर्सरी, जडीवुटी नर्सरी को उत्पादन र विकास गर्न तर्फ विशेष कार्यक्रम संञ्चालन गरिने छ।
- पारीवन महाभारत लेक जंगल फडानी रोक्ने विशेष योजना बनाईने छ।

**ख) जलवायु परिवर्तन :**

- बढ्दो जलवायु परिवर्तन वारे नगरवासीलाई सुसुचित तुल्याई जलवायु परिवर्तन न्यूनीकरण मा जोड दिइने छ।
- **वातावरण संरक्षण** पर्यावरण जोगाउन तर्फ सबैको पहल अनिवार्य गरिनेछ।

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner

ग) जल उत्पन्न प्रकोप नियन्त्रण

- वस्ती व्यवस्थापन, ढल निकास लाई व्यवस्थीत गर्दै प्रकोप नियन्त्रणमा सरोकारवाला सबै संग सहकार्य र समन्वय गरिने छ।

घ) विपद् व्यवस्थापन :

- विपद् व्यवस्थापन पूर्व तयारी वारे जानकारी संयन्त्र निर्माण गरिने छ।
- प्रत्येक वडामा उद्धार, राहत पुनःस्थापना समिति निर्माण गरिने छ।
- विपद् व्यवस्थापन नगर कार्य योजना निर्माण गरिने छ।
- वारुण यन्त्र संचालनमा दक्ष जनशक्तिको विकास गरि थप प्रभावकारी छिटो छरितो स्तरीय वनाईनेछ।
- विपद पुर्व अभ्यास विपद व्यवस्थापन सामाग्रीको व्यवस्था गरिनेछ।
- नगरपालिका आपतकालिन संचालन केन्द्र स्थापना गरिनेछ।
- Mayor Support on the Spot कार्यक्रम संचालन गरिनेछ।

५) संस्थागत विकास सेवा प्रभाव र सुशासन

क) मानव संसाधन विकास

- कर्मचारीको वृत्ति विकासमा उचित ध्यान दिइने छ।
- कामको मुल्याङ्कनको आधारमा उत्कृष्ट वडा , वडा अध्यक्ष, सभा सदस्य र कर्मचारी लाई विशेष पुरुस्कारको व्यवस्था गरिने छ।
- कर्मचारीको क्षमता अभिबृद्धि र सेवा सुविधामा न्यायोचित पुरुस्कृत र दण्डीत गरिनेछ।
- नगरपालिकाका अस्थायी करार र ज्यालादारीका कर्मचारीको कामको आधारमा मुल्याङ्कन गरि सेवा निरन्तरता दिईने छ।
- वडा कार्यालयको भवन निर्माण कार्यलाई प्राथमिकताका आधारमा भौतिक व्यवस्थापन गर्दै लगीने छ।
- का.स.मु. लाई प्रभावकारी बनाईने छ।
- नेपाल सरकारको प्रशासनिक संरचना मार्फत तय भएका मापदण्ड कार्यान्वयनमा शिघ्रता ल्याइने छ।
- आन्तरीक अनुशासन र क्षमता अनुसार कर्मचारीलाई कामको जिम्मेवारी दिइनेछ।
- कर्मचारीको क्षमता विकासमा अध्ययन अनुसन्धान तालिम भ्रमण अनुभव साटासाटको व्यवस्था मिलाईने छ।

ख) सुरक्षा व्यवस्था :

- आन्तरिक आर्थिक क्षमताका आधारमा **"नगर प्रहरीको"**व्यवस्था गरि नगर सरसफाई फोहोर व्यवस्थापन र नगरको शान्तीका लागि नगर प्रहरी गठन गर्न आवश्यक पहल गरिने छ।
- निर्माण सामाग्री थुपारी सडक अवरोध पुऱ्याउनेलाई कानुनी कारवाहीको दायरामा ल्याइने छ।

६. वित्तिय व्यवस्थापन र सुशासन :

क) लेखाइन, वित्तय परिचालन

- आर्थिक प्रशासन संचालन प्रविधिमा जोड दिइने छ।
- वित्तिय सदाचारीतामा जोड दिइने छ।
- पंजिकरणलाई प्रविधि मैत्री वनाउदै लगिने छ।
- कार्यक्रमका सम्पूर्ण काम कारवाहीलाई कम्प्युटरकृत गरिने छ। सो को दिर्घकालिन सुरक्षामा जोड दिइने छ।
- सुचनाको हकको सुनिश्चितता गरिने छ।
- नगरपालिका बाट संचालित हरेक विकास योजना क्रियाकलाप र कार्यक्रमको सार्वजनिक सुनुवाई सार्वजनिक परिक्षणमा निरन्तरता दिइने छ।

ख) तथ्याङ्क संकलन :

- नगर पाश्वचित्र तयार भई सकेको अवस्थामा सो लाई मापदण्ड वनाई प्राथमिकताको आधारमा कार्यान्वयन प्रक्रिया अगाडी वढाईने छ।



डिल्ली राज जोशी
नगर प्रमुख

Scanned with CamScanner

- दिर्घकालिन नगर गुरुयोजना निर्माण गरिने छ ।
- आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

**ग) वित्तिय जोखिम र आन्तरीक लेखा परिक्षण :**

- वित्तिय जोखीम न्युन गरिने छ ।
- आन्तरिक लेखापरिक्षण शाखालाई ब्यवस्थीत गरिने छ ।
- आन्तरिक लेखा परिक्षण औपचारीकतामा मात्रै सिमित राखिने छैन ।

**७. विविध :**

**"अमरगढी बिकाश प्राधिकरण"** गठन गरी स्मार्ट सिटिको अवधारणा अनुसार आवश्यक पुर्वाधार (सपिङ्ग कम्प्लेक्स, बहुउद्देश्यीय सभागृह, क्रिकेट स्टेडियम, धार्मिक तथा पर्यटन पूर्वाधार, बस्ती विकास, औद्योगिक अध्ययन र खेलकुद रंगशाला) सम्भावनाको अध्ययन अनुसन्धान परामर्श र डि.पि.आर.तथा निर्माणमा जोड दिइने छ ।

डिल्ली राज जोशी

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

Scanned with CamScanner